बैठक मितिः २०७८/१/१०

बैठक सङ्ख्या : २३

**छलफल तथा निर्णयः**

१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट डिजिटल नेपालको प्रमुख क्रियाकलापमा फोर जी एलटिई (4G/LTE) मुख्य उपकरण जडान तथा सञ्चालन गर्ने कार्य रहेको र फोर जी (4G) सेवा विस्तार गर्न आवश्यक पर्ने भवन तथा टावर निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा सहमति माग भई आएकोमा उक्त कार्यलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा सहमति प्रदान गर्ने।

२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट १४ वटा पुरातात्त्विक महत्वका सम्पदाहरूको पुनर्निर्माण सम्बन्धी आयोजनालाई बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि अनुरोध भै आएकोमा स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

३. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट त्रिचन्द्र क्याम्पस पुनर्निर्माण सम्बन्धी आयोजनालाई बहुवर्षीय ठेक्काको स्वीकृतिका लागि अनुरोध भई आएको सम्बन्धमा स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७७ को मस्यौदा उपर राय सुझाव माग भइ आएको सम्बन्धमा महाशाखाबाट प्रस्तुत राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

५. बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि अनुरोध भई आएका देहायका आयोजनाहरूका लागि थप विवरण माग गरी पुनः पेश गर्ने।

क) मदन भण्डारी रङ्गशाला निर्माण आयोजना
ख) सुभांङ खानेपानी तथा सरसफाइ आयोजना (बृहत पम्पिङ), पाँचथर
ग) पालुङगटार बृहत पम्पिङ्ग खानेपानी आयोजना (१०–१), गोर्खाको
घ) मन्डन देउपुर खानेपानी आयोजना, काभ्रेपलाञ्चोक
ङ) बेलडाँडी खानेपानी आयोजनाझापा ,